बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

बैठक संख्याः २

श्री

आज मिति २०८१ साल भाद्र ३१ गते दिउसो १:०० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री प्रकाश खनाल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |

प्रस्तावहरु :

१. "बर्दघाट नगरपालिकाको घर वहाल तथा विटौरी शुल्क संकलन सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।
२. "बर्दघाट नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८१ सम्बन्धमा ।
३. "बर्दघाट नगरपालिकाको करारमा कार्यालय सहयोगि / परिचर व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड-२०८१" सम्बन्धमा ।
४. सहिद स्मृति सामुदायिक अस्पतालमा डायलाइसिस सेवा सञ्चालन सम्बन्धमा ।
५. वालमैत्री वडा घोषणाका लागि मापदण्डको स्थानीयकरण र वडा घोषणा सम्बन्धमा ।
६. बजेट खर्च सम्बन्धमा ।
७. विविध ।
    क) सडक वत्ति जडान सम्बन्धमा ।
    ख) आ.व २०८०/०८१ को सामाजिक सुरक्षा भत्ता छुट रकम सम्बन्धमा ।
    ग) नगरपालिकाको स्वामित्वमा रहेका जग्गाको भाडादर निर्धारण सम्बन्धमा ।
    घ) बालविकास शिक्षक अनुदान सम्बन्धमा ।
    ङ) कानूनी सल्लाहकारको अवधि थप सम्बन्धमा ।
    च) सुरक्षित गर्भपतन सेवा विस्तार सम्बन्धमा ।

निर्णय नं. १

- विद्येयक समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगरपालिकाको घर वहाल तथा विटौरी शुल्क संकलन सम्बन्धी कार्यविधि, २०८१" थप छलफल गरी आगामी बैठकमा पेश गर्ने ।

निर्णय नं. २

- विद्येयक समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८१" स्वीकृत गर्ने ।

निर्णय नं. ३

- विद्येयक समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगरपालिकाको करारमा कार्यालय सहयोगि / परिचर व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड-२०८१" स्वीकृत गर्ने ।

निर्णय नं. ४

- बर्दघाट नगरपालिका वडा नं १४ चौपत्ता अन्तर्गत रहेको सहिद स्मृति सामुदायिक अस्पताल विकास केन्द्रको च नं ३० मिति २०८१/०५/२४ को स्तरोन्नती सम्बन्धमा बारेको प्राप्त पत्रानुसार सो अस्तपालले विगत स्थापनाकालदेखी नवलपरासी जिल्लाका बर्दघाट नगरपालिका, प्रतापपुर, सरावल,

सुस्ता र विनयित्रिवेणी गाउँपालिकाका स्थानीय बासिन्दाहरुलाई विभिन्न सेवाहरु उपलब्ध गराउदै आएको भएतापनि यस क्षेत्रका मृगौला पिडित विरामीहरु उपचार र डायलाइसिस सेवा लिन लुम्बिनी प्रदेशको बुटवल स्थित गौतम बुद्ध सामुदायिक मुटु अस्पतालसँग सम्झौता गरी अस्पतालको समय तालिका अनुसार ४५ कि. मि. दुरीमा रहेको बुटवल र भैरहवाका अस्पताल जानुपर्ने वाध्यताले समुदायमा साहैं मर्का पर्न गएको भनि स्थानीयवासिहरुबाट गुनासो आइरहेकोले उक्त अस्पतालमा ५ सेट डायलाइसिस मेशिन सहितको उपकरण र सेवा सञ्चालनको लागि आवश्यक दक्ष जनशक्ति व्यवस्थापन सहित विशेषज्ञ सेवा संचालन गर्न श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौमा अनुरोध गर्ने ।

निर्णय नं ५

- बालमैत्री स्थानीय शासनका सबै ५१ वटा सूचकहरुलाई स्थानीयकरण गर्ने र बर्दघाट नगरपालिका वडा नं ०५ लाई बालमैत्री वडा घोषणा गर्ने अभियान अन्तर्गत वडा कार्यालयबाट तयार पारिएको बालमैत्री स्थानीय शासन घोषणा पश्चात दिगोपनको लागि आ.व. २०८१/०८२ देखि २०८५/२०८६ सम्मको रणनीतिक योजना स्वीकृत गर्ने र सम्बन्धित वडालाई बालमैत्री घोषणा गर्न अनुमति प्रदान गर्ने र आगामी दिनमा थप वडाहरु वडा नं १, ६, ७, ८ र १४ लाई बालमैत्री वडा घोषणा गर्न छनौट गर्ने ।

निर्णय नं. ६

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) मर्मत सम्भार कोष शीर्षकमा (ब.सि.नं १८०) मा छुट्टाईएको बजेट रु १,००,००,०००/- (रुपैया एक करोड मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय बमोजिम रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | जितपुर प्रा.वि.मा बालमैत्री र अपाङ्गमैत्री शौचालय, लगायत मर्मत सम्भार कार्य | ५ | १,८०,०००.० | विद्यालयको माग बमोजिम | |
| २. | मर्चाघोला विहारी चावच्चा बाटो मर्मत | २ | २,००,०००.० | मर्मत गर्नु पर्ने | |
| ३. | आम्वास संसारकोट तिल्केनी दमार बाटो मर्मत | २ | २,००,०००.० | मर्मत गर्नु पर्ने | |

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) विपद् व्यवस्थापन शीर्षकमा (ब.सि.नं २२२) मा छुट्टाईएको बजेट रु ५०,००,०००/- (रुपैया पचास लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय बमोजिम रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | अलावली खोला तटवन्धन कार्य | १० | [illegible],०००.० | वडाको माग वमोजिम | |
| २. | धनबहादुर पौडेल | ५ | १०,०००.० | आगजनी पिडित | |
| ३. | फुलमाया खत्री क्षेत्री | १५ | १०,०००.० | आगजनी पिडित | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) मेला उत्सव महोत्सव कार्यक्रम शीर्षकमा (ब.सि.नं १०५) मा छुट्टाईएको बजेट रु ५,००,०००/- (रुपैया पाच लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | महिला समूह खुला तीज प्रतियोगिता कार्यक्रम | ४ | २५,०००.० | माग वमोजिम | |
| २. | कृष्ण जन्माष्टमीमा साँस्कृतिक कार्यक्रम | १३ | १०,०००.० | माग वमोजिम | |
| ३. | श्रीकृष्ण जन्मोत्सव आयोजना तथा कृष्णभावनामृत प्रसार अभियान सम्बन्धी कार्यक्रम-२०८१ | ११ | ५०,०००.० | माग वमोजिम | |
| ४ | खुला तिज प्रतियोगिता कार्यक्रम-२०८१ | ७ | ३०,०००.० | माग वमोजिम | |
| ५ | नेवा देंदवु तमु मिसाखल कार्यक्रम | ९ | १०,०००.० | माग वमोजिम | |

घ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) विविध कार्यक्रम खर्च शीर्षकमा (ब.सि.नं १०८) मा छुट्टाईएको बजेट रु ५,००,०००/- (रुपैया पाच लाख मात्र) रकमलाई देहाय वमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | ट्रमा सेन्टर शिलान्यास कार्यक्रम खर्च | २ | १,००,०००.० | माग वमोजिम | |

निर्णय नं ७ विविध

क) बर्दघाट नगरपालिका अन्तर्गत विभिन्न स्थानमा रहेका पर्यटकीय तथा सार्वजनिक महत्वका क्षेत्रहरुमा आर्थिक क्रियाकलापको विस्तार तथा शहरी सुरक्षाको प्रवर्द्धन गर्न र शहरी सौन्दर्यता कायम गर्ने कार्यमा सहयोग पुर्याउने उद्धेश्यले लुम्बिनी प्रदेश सरकारबाट प्राप्त भएका थान-४०० सडक वत्तिहरु आवश्यकता अनुसार नगरभरिका सडक तथा विभिन्न टोलहरुमा जडान गर्ने ।

ख) बर्दघाट नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने तपशिल बमोजिमका लाभग्राहीहरुको आ.व. ०८०/८१ मा विभिन्न प्राविधिक कारणबाट तपशिल बमोजिमको

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी

लाभग्राहीहरुले पाउनुपर्ने भत्ता निकाशा रकम रु. ६९,८८२/- (रुपैया उन्सत्तरी हजार आठ सय बयासी मात्र) भुक्तानी दिन बाँकी रहेकोले सो को निकाशाको लागि सम्बन्धि विभागमा अनुरोध गर्ने।

तपशिल

| सि.नं. | भत्ताको किसिम | लाभग्राहीको परिचयपत्र नं | लाभग्राहीको नाम, थर | छुट किस्ता | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक दलित | २०२१०१०१ १२८९८ | मिना देवी सार्की | चौथो त्रैमासिक | ५३२० | खाता नं. गलत प्रविष्टी भएको |
| २ | विधवा | २०२७०२०१ ००८३१ | विन्दु राना थापा | चौथो त्रैमासिक | ७९८० | ताला खुलेको |
| ३ | जेष्ठ नागरिक अन्य | २०१२०२२३ ०२७८३ | सोमकान्ती थारु | चौथो त्रैमासिक | १२००० | ताला खुलेको |
| ४ | जेष्ठ नागरिक अन्य | २००८१०१५ ०८१९१ | अम्वी कुमारी घर्ती | तेस्रो त्रैमासिक | ८५५२ | भुलवस लगत कट्टा भएको र लगत कट्टा भएको दिन देखि नै लागु हुने गरि लगत कायम गरिएकोमा उक्त अवधिको भत्ता निकाशा नभएको |
| ५ | जेष्ठ नागरिक अन्य | २०१२०६१० ०४३७३ | रुन्नता उपाध्याय | चौथो त्रैमासिक | १२००० | खाता नं. गलत प्रविष्टि भएको |
| ६ | जेष्ठ नागरिक अन्य | २००६०२१५ ०२४६८ | दल बहादुर विश्वकर्मा | चौथो त्रैमासिक | १२००० | ताला खुलेको |
| ७ | लोपोन्मुख जाती | २०६२०२२१ ०००९१ | रंजित पक्षरकट्टा | प्रथम त्रैमासिक | ११९७० | भत्ता निकाशा हुदा निजको बैक खाता बन्द भएको अवस्था रहेको। |
| | जम्मा | | | | ६९८२२.० | |

ग) यस नगरपालिकाको नाममा रहेको साविक पञ्चनगर-२/ख हाल वडा नं ९ कि. नं. १८८ को जम्मा ज.वि. १-१०-०-० जग्गामा विभिन्न संघ/संस्थाहरुले भाडामा लगाई भाडा रकम असूली गरेकोले उक्त भाडा रकमका बारेमा अध्ययन गरी नगरपालिका माताहात ल्याउन पूर्वाधार विकास समितिका संयोजक श्री चन्द्रकान्त चापागाईको अध्यक्षतामा गठित समितिले स्थलगत अध्ययन गरी पेश गरेको प्रतिवेदनमा उल्लेखित वार्षिक भाडा दर प्रति धुर रु. १०००/- (रुपैंया एक हजार मात्र) स्वीकृत गर्ने ।

घ) यस नगरपलिकाको वडा नं. २ पोखरीछाप स्थित मंगलादेवी प्राथमिक विद्यालयलमा प्राथमिक तहको नगर अनुदान कोटामा कार्यरत शिक्षकलाई विद्यालयले अवकाश दिई रिक्त हुन आएको कोटालाई बार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) नगर अनुदान शिक्षक तलव सहायता शीर्षकमा (ब.सि.नं ६७७) छुट्टाईएको बजेटबाट नगरपालिकाभित्रका अन्य प्रारम्भिक बालविकास सहजकर्तालाई भुक्तानी दिइएको समान सेवासुविधा (तलबभत्ता र पोशाक) पाउने गरी

उक्त प्राथमिक तहको नगर अनुदान कोटालाई प्रारम्भिक बालविकास कोटामा रूपान्तरण गर्ने ।

ङ) बर्दघाट नगरपालिकालाई आवश्यक कानूनी राय सल्लाह र आवश्यक पर्ने ऐन, कानून तथा कार्यविधि निर्माणमा कानूनी सल्लाह तथा सहजीकरणमा सहयोग गरी नगरपालिकाको तर्फबाट कानूनी बचाउ गर्न बर्दघाट नगरपालिकाको कानूनी सल्लाहकारमा वरिष्ठ अधिवक्ता श्री थीरलाल पराजुली (९८५७०४५३४३) लाई सम्झौतामा उल्लेख भएनुसारको सुविधा उपलव्ध गराउने गरी नियुक्ति गरिएकोमा उहाँको मिति २०८१ साल आषाढ मसान्तमा अवधि सकिएकोले यस आर्थिक वर्ष २०८१ श्रावण १ देखि २०८२ साल आषाढ मसान्तसम्म अवधि थप गर्ने नगर कार्यपालिकाको कार्यालयको निर्णयलाई अनुमोदन गर्ने।

च) सुरक्षित गर्भपतन सेवा मध्ये औषधीबाट गरिने गर्भपतन (MA) सेवा विस्तार गरी असुरक्षित गर्भपतबाट हुने जटिलता साथै मातृ मृत्यु कम गर्न यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु मध्ये वडा नं ९ को पञ्चनगर स्वास्थ्य चौकी, वडा नं १३ को जहदा स्वास्थ्य चौकी र वडा नं १४ को दाउन्नेदेवी स्वास्थ्य चौकीमा १० हप्तासम्मको औषधीबाट गरिने गर्भपतन (MA) सेवा विस्तार गर्न आवश्यक मादपण्ड पुरा भएकोले उल्लिखित स्वास्थ्य संस्था सूचिकृत गर्ने ।